# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं:२०७८/०७९ मिति :२०७८।०७।२२
च.नं.:

विषय : कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।

श्री सामुदायिक विद्यालयहरु सबै,
बर्दघाट नगरपालिका,नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत विषयमा चालु आ.व. २०७८।०७९ मा बर्दघाट नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुका लागि सशर्त अनुदानको रुपमा प्राप्त **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान** अन्तर्गत देहायअनुसारका कार्यक्रम कार्यान्वयन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८/०७९) बमोजिम हुने गरी सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र विव्यसको निर्णयको प्रमाणित प्रतिलिपि,अघिल्ला वर्षहरुमा निम्न शीर्षकहरुमा कार्यक्रम प्राप्त नगरेको बेहोरा सहितको विद्यालयको माग पत्र,शिक्षण सिकाइमा समय मापन सम्बन्धी कार्यविधि लागू गरेको विव्यसको निर्णय सहितको सुनिश्चितताको पत्रसहित शिक्षा,युवा तथा खेलकुद शाखामा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा नगर शिक्षा समितिको मिति २०७८/०७/१७ को निर्णय अनुसार सूचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कोटा संख्या | प्रति एकाइ रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५ | ५०,०००।०० | |
| २. | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि विद्यालयलाई अनुदान | १ | २,००,०००।०० | |
| ३. | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ३ | ६,५०,०००।०० | |
| ४. | शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान | २ | ६,५०,०००।०० | |
| ५. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | २ | ६,५०,०००।०० | |

पूनश्च: विव्यस गठन नभएका, नमुना विद्यालय विकास कार्यक्रममा छनौट भएका विद्यालय र यस शाखाबाट च.नं. ६५, मिति २०७८।०७।१० को निर्देशन बमोजिमका कागजातहरु पेस नगरेका विद्यालयलाई कार्यक्रम उपलब्ध गराइने छैन ।साथै प्रस्तावनामा विद्यालयको समग्र भौतिक, शैक्षिक तथा अन्य पक्षहरुको विवरणका अतिरिक्त प्रस्ताव पेस भएको कार्यक्रमको वर्तमान अवस्था तथा विगतमा भएका कार्यक्रमबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा परेको प्रभावलाई अनिवार्यरुपमा समेट्नुपर्नेछ ।

बोधार्थ:
श्री सूचना प्रविधि शाखा:कार्यालयको फेसबुक पेज तथा वेभसाइटमा अपलोड गरिदिनुहुन ।

८।२२
इन्द्रबहादुर कुँवर
उपसचिव (प्रा.)